**य नं. २**

मुसिकोट नगरपालिका पदाधिकारी तथा सदस्यहरुले पाउने सूविधा सम्वन्धमा व्यवस्था गर्ने को ऐन २०७५ लाई पहिलो संशोधन गर्ने निर्णय गरियो ।

**यि नं. ३**

मुसिकोट नगरपालिकाको आ.व. २०७५/०७६ को लक्षित कार्यक्रम तर्फ विनियोजित वजेटबाट न्त्र सीपमुलक तालिमहरु संचालनका लागि कार्यक्रम छनौट समिति र नगर कार्यपालिकाले छनौट का तालिमहरु, वजेट विनियोजन, तालिम संचालनका लागि गैरसरकारी संघसंस्था छनौट, सम्झौता र र्यआदेश तथा खर्चको भूक्तानी अनूमोदन गर्ने निर्णय गरियो ।

**र्णय नं. ४**

ीय मामिला तथा समान्य प्रशासन मन्त्रालयवाट उपलब्ध गराइएको सांगठनीक संरचना तथा दरवन्दी ोज उपर कार्य प्रकृति, कार्यबोझको आधारमा विष्लेषण गरी सांगठनीक संरचना तथा दरवन्दी ोजलाई (अनूसुची १ ) परिमार्जन सहति स्वीकृत गर्ने निर्णय गरियो ।

**र्णय नं. ५**

स्थायी तथा करारमा कार्यरत कर्मचारीहरुका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो:

क) नगरपालिकामा बिगत लामो समय देखि अस्थायी नियुक्ति पाई अविछिन्न रुपमा कार्यरत तथा साबिकमा जि.बि.स./ जि.स.स. मातहतका स्थानीय बिकास कोषमा रही यस कार्यालयमा कार्यरत कर्मचारीहरुलाई स्वीकृत संगठन संरचना एबम दरबन्दीको परिधिभित्र रही आबश्यकता अनुसार निरन्तरता दिने ।

ख) बिगतमा स्थानीय शासन तथा सामुदायिक बिकास कार्यक्रम (LGCDP) र नगरपालिकाको साझेदारीमा सूचना प्रबिधि अधिकृतको पदमा रही कामकाज गर्दै आउनुभएका सुचना प्रबिधि अधिकृत (IT officer) श्री गोपाल ओलीको निरन्तरता सबन्धमा LGCDP को सट्टा प्रदेश तथा स्थानीय तहको सहयोगका लागि नयाँ कार्यक्रम लागु हुन लागेको बुझिएकोले पछी मन्त्रालयको परिपत्र बमोजिम हुने गरि हाललाई अधिकृत छैटौं सरहको पारिश्रमिक सुबिधा पाउने गरि करार सम्झौता गर्ने ।

ग) एक गाउँ एक प्राबिधिक अन्तर्गत कृषि तथा पशु सेवा तर्फ कार्यरत कर्मचारीहरुलाई हाललाई संघबाट विनियोजित बजेटको सिमा भित्र रही करार सम्झौता गर्ने ।

घ) कार्यपालिकाको मिति २०७६/०३/२४ को बैठक बाट निर्णय गरि थप गरिएका ३ जना नगर प्रहरी जवानहरुको पदपूर्ति गर्ने । नगर प्रहरी नियुक्त भएको १ बर्षभित्र पद रिक्त भएमा त्यस्तो पदमा बैकल्पिक उम्मेदवारलाइ नियुक्ति दिने ।

ङ) नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०३/१२ गतेको बैठकले साबिकका जिल्ला बालकल्याण समितिको चल अचल सम्पति दायित्व र कर्मचारी सम्बन्धित जिल्लाको सदरमुकाम रहेको स्थानीयतहमा उपयोग र ब्यबस्थापन गर्ने गरि हस्तान्तरण गर्ने, सोका पूर्वाधारहरु जिल्ला भित्रका सबै स्थानीय तहहरुका लागि उपभोग र ब्यबस्थापन गर्न सदरमुकाम स्थित स्थानीयतहका प्रमुखको नेतृत्वमा सबै स्थानीय तहको प्रतिनिधित्व हुने गरि ब्यबस्थापन समिति गठन गर्ने लगाएतका निर्णय भएकोले पछी ब्यबस्थापन समितिको निर्णय अनुसार हुनेगरी हाललाई जिल्ला बाल कल्याण समिति बाट गत आ.ब. मा हस्तान्तरण भइ यस नगरपालिकामा आएको बजेटको सिमा भित्र रही साबिकमा जिल्ला बालकल्याण समिति अन्तर्गत बाल अधिकार अधिकृतको रुपमा कार्यरत श्री मानबिर ओलीसंग करार सझौता गर्ने ।

च) यस नगरपालिका र अन्तर्गतका वडाहरुमा करार सम्झौता बमोजिम सेवारत हेभी सवारी चालक, हलुका सवारी चालक,विभिन्न शाखा/उपशाखा तथा वडाहरुमा कार्यरत कार्यालय सहयोगी, नगर प्रहरी, कुचिकार लगाएतका कर्मचारीहरुलाई सम्बन्धित शाखा तथा वडाको सिफारिसका आधारमा स्वीकृत दरबन्दीको परिधिभित्र रही करार सम्झौता गर्ने ।

**निर्णय नं. ६**

यस मुसिकोट नगरकार्यपालिकाको वैठकवाट मिति २०७५ श्रावण देखी ०७६ असार मसान्त सम्मका सम्पूर्ण निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

नगर कार्यपालिकाको कार्यालय र अन्तरगतका कार्यालयमा कार्यरत सम्पूर्ण स्थायी, अस्थायी तथा करारका कर्मचारीहरुको आ.व. २०७५/०७६को तलवी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

विगत वर्षहरुदेखी नगरपालिकामा महालेखा परिकक्षको कार्यालयवाट अन्तिम लेखा परिक्षण गर्दा कायम भई समपरिक्षण तथा फछ्र्यौट हून बांकी बेरुजू प्रचलित कानून बमोजिम फछ्र्यौट तथा नियमित एबम संम्परीक्षण गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस नगरसभावाट सम्वोधन गर्न बेरुजुका आन्तरीक राजश्वका दर तथा अन्य काम कारवाही गर्न नगर कार्यपालिकालाइ अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस नगरपालिकाका १४ वडाहरु मध्ये ९ वटा वडाहरुमा शहरी/वडा स्वास्थ्य केन्द्र नभएकोले वडाबासिहरु आधारभूत स्वास्थ्य सेवाको सुबिधाबाट समेत बन्चित भएकोले चालु आ.ब. मै वडा नं. ८, को घोरखानी, वडा नं. १२ , वडा नं. १ को छिंगमाथि गाउँ वडा नं. ४ वडा नं. ५ वडा नं. ६ लगाएतका सबै वडाहरुमा वडा स्वास्थ्यकेन्द्र स्थापनाका लागी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं. ११**

नगर क्षेत्र भित्रका सबै घरधुरीमा खानेपानी सुबिधा सर्वसुलभ गर्न बिगतमा प्रतिबद्धता जनाए अनुरुप "एक घर एक धारा" भन्ने नारालाई सार्थक रुप दिन साबिकको जिल्ला खानेपानी कार्यालयले नगर क्षेत्रभित्रका सबै बस्ति तथा वडाहरुमा तयार पारेको खानेपानी सम्बन्धी बिस्तृत परियोजना प्रतिबेदन (DPR) हालको खानेपानी डिभिजन कार्यालयबाट माग गरी सोको कार्यन्वयनका लागि आबश्यक पहल गर्ने ।

**निर्णय नं. १२**

यस मुसिकोट नगरपालिकाको पाचौं नगरसभामा पाल्नूभएका प्रमूख अतिथी जिल्ला समन्वय समिति रुकूम (पश्चिम) का प्रमूख राजकूमार शर्मा, विशेष अतिथी प्रमूख जिल्ला अधिकारी उपेन्द्रराज पौडेल अतिथीहरुलाई विशेष धन्यवाद तथा नगर सभा सम्पन्न गर्न सहयोग गर्नूहूने राजनीतिक दल, पत्रकार, विभिन्न कार्यालय प्रमूख, गैसरकारी संघसंस्था तथा नगर कार्यपालिकाको कार्यालयका कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम अन्तर्गत शसर्त अनुदानमा प्राप्त रु १ करोड २० लाखमा नगरपालिकाको तर्फबाट २० लाख थप गरि तपशिल अनुसारका जलवायु परिववर्तन अनुकुलन सम्वन्धि योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

| क्र. स. | योजनाको नाम | बजेट विनियोजन | | |
|---|---|---|---|---|
| | | जलवायुको | नगरपालिकाबाट | जम्मा |
| १. | हाइवाङ थुमचौर लिफ्ट खानेपानि वडा नं. १३ | २०,००,०००। | | २०,००,०००। |
| २. | नयाँगाउ डिपवारिङ खानेपानी योजना वडा नं. १२ | २०,००,०००। | | २०,००,०००। |
| ३. | सल्लेतारा भण्डारीकाँडा ठारढुङ्गा खानेपानि योजना वडा नं. ४ र ६ | १५,००,०००। | ५,००,०००। | २०,००,०००। |
| ४. | विजुलिनहरबाट स्यावाङ,पाछिवाङ सिचाई योजना वडा नं. ११ | २०,००,०००। | | २०,००,०००। |
| ५. | त्रिवेणीचोक रावलवारा डिग्रे सडक स्तरोन्नति योजना वडा नं. १ र ५ | १५,००,०००। | १०,००,०००। | २०,००,०००। |
| ६. | साँढापोले मुहान खानेपानी योजना वडा नं. १० | २०,००,०००। | | २०,००,०००। |
| ७. | खलंगाबजार फोहरमैला विशिष्टिकरण तथा व्यवस्थापन वडा नं. १ र ५ | १०,००,०००। | १०,००,०००। | २०,००,०००। |

निर्णय नं. १४

अर्थ मन्त्रालयको मिति २०७६।०२।२० को च.नं. ८२३ को आर्थिक वर्ष २०७६।७७ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शनको बुँदा नं. १५, १८ र १९ अनुसार पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत ब्रमहमन्दिर पर्यटन पूर्वाधार विकासमा विनियोजित रु २० लाखलाई शितलपोखरी निर्माण व्यवस्थापन तथा मन्दिर निर्माणमा र ग्रामिण पहुँच कार्यक्रम अन्तर्गत सोलावाङ राहुखेत- बालुवा-नायगाडपुल-जामावगर-सिमलचौर-हुकाम-रन्मामैकोट सडकमा विनियोजन रकम सोहि शिर्षकको सल्ले-कैलदेउ-गिल्वाङ-छिङखेत-नदुवा राडिज्यूला स्यालाखदी सडकमा र शितलपोखरी चुनवाङ सडकक्रोमा विनियोजित रकम शितलपोखरी घुरिखोला सडकमा विनियोजन गर्ने निर्णय गरियो ।

२०७६।३।२५